# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०३।२९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सुन व्यवसाय सञ्चालन गरी बसेका व्यक्तिको प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो (CIB) मा भएको मुद्दा मिलाई दिने भनी अर्का सुन व्यवसायी राजकुमार स्वर्णकारसँग मिली प्रहरी हवल्दार बाबुराम घिमिरेले रु.३,९९,५००।- घुस/रिसवत लिएको कसुरमा मुलुकी अपराध संहिता, २०७४ समेतको कसुरमा अनुसन्धान तहकिकात पुरा गरी केन्द्रीय अनुसन्धान व्यूरोले जिल्ला अदालतमा मुद्दा दायर गरेपछि आरोपित प्रहरी हवल्दार बाबुराम घिमिरे राष्ट्रसेवक भएको आधारमा भ्रष्टाचारको रोहमा पनि अनुसन्धान हुन प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोबाट नक्कल मिसिलसाथ पत्र प्राप्त भई उजुरी दर्ता सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी हवल्दार बाबुराम घिमिरेले सेवाग्राहीलाई सुन तस्करको मुद्दा केन्द्रीय अनुसन्धान व्यूरोमा भएको नक्कली फाइल खडा गरी रकम नदिएमा पक्राउ गरी मुद्दा चलाउने डरत्रास धम्की दिई प्रतिवादी राजकुमार स्वर्णकारसँग मिली घुस/रिसवतवापत रकम माग गरी रु.३,९९,५००।- लिएको पुष्टि हुन आएकोले निज प्र.ह. बाबुराम घिमिरेको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निजलाई बिगो रु.३,९९,५००।-(तीन लाख उनान्सय हजार पाँच सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (३) को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सजाय मागदाबी लिने र प्रतिवादी राजकुमार स्वर्णकारको हकमा निजले प्रहरी हवल्दार बाबुराम घिमिरेसँग मिली सेवाग्राहीबाट रु.३,९९,५००/- घुसवापत लिएको हुँदा निजले गरेको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्य भएकोले निज राजकुमार स्वर्णकारलाई बिगो रु.३,९९,५००।-(तीन लाख उनान्सय हजार पाँच सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (३) को उपदफा (२) को प्रावधानबमोजिम सोही ऐनको दफा ३ को उपदाफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल